१३१३

आज मिति २०७८ साल मंसिर २० गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**तपसिल :**

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख

श्री रेणु आचार्य, नगर उप प्रमुख

श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १

श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २

श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३

श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४

श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५

श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६

श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७

श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८

श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९

श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०

श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११

श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२

श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३

श्री रमना परियार, कार्यपालिका सदस्य

श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य

श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य

श्री खिम कुमारी राना, कार्यपालिका सदस्य

श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य

श्री भुमीकला सुनार, कार्यपालिका सदस्य

श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य

श्री विष्णु खत्री, कार्यपालिका सदस्य

श्री जगत बहादुर बस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगीहरु**

श्री ~~रेशम बहादुर पुन (वडा नं. ४~~ अध्यक्ष सहयोगी) कृष्ण बि. सुनार

श्री मान बहादुर ठाडा लेखा अधिकृत

श्री कुल बहादुर खडका नासु

श्री लक्षमन बि.क एम आइ एस अपरेटर

श्री वीर बहादुर चुनारा कार्यालय सहयोगी

Scanned with CamScanner

**प्रस्ताव नं. १ : बसपार्क सम्बन्धमा ।**

**निर्णय नं. १ :** भेरीगंगा नगरपालिका वडा नं १२ को सल्लीचोक स्थित छिन्चु बसपार्क निर्माण गर्ने सिलसिलामा निर्माण गर्दा लागेको लागतको सम्झौताको हुन आउने रकमको १० प्रतिशत खर्च रकम यस भेरीगंगा नगरपालिकाले व्यहोर्ने प्रतिवद्धतासहित निर्माणको लागि आवश्यक ९० प्रतिशत रकम नगर विकास कोषसँग माग गर्ने निर्णय गरियो । साथै माग गरिएको रकम वार्षिक रुपमा भुक्तानी गर्दै जाने गरी उक्त बसपार्क निर्माणको लागि रकम व्यवस्था गरिदिन नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : निर्णय समिक्षा सम्बन्धमा ।**

**निर्णय नं. २ :** यस भेरीगंगा नगरपालिकाको विगतमा भएका कार्यपालिका वैठकहरुको निर्णय समिक्षा गरियो ।

**प्रस्ताव नं. ३ : दिगो विकासका लक्ष्यहरु स्थानीयकरण गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३ :** दिगो विकासका लक्ष्यहरु स्थानीयकरण गर्ने सम्बन्धी **GIZ SDGP** ले २०७८।०८।१६, १७ र १८ गते बाँकेमा भएको अन्तरक्रिया कार्यक्रम भएको र उक्त अन्तरक्रिया कार्यक्रममा तयार भएको कार्ययोजना बमोजिम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : १५ शैयाको अस्पताल सम्बन्धमा ।**

**निर्णय नं. ४ :** भेरीगंगा नगरपालिका वडा नं १२ छिन्चु स्वास्थ्य चौकीको हाता नजिकै रहेको स्थानमा १५ शैया अस्पताल निर्माण गर्न पहल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : ५० शैयाको सरुवा रोग अस्पताल सम्बन्धमा ।**

**निर्णय नं. ५ :** भेरीगंगा नगरपालिका वडा नं १२ स्थित नगरपालिकाको प्रशासकीय भवनको उत्तरतर्फको स्थानमा ५० शैयाको सरुवा रोग अस्पताल निर्माण गर्न प्राथमिता प्राप्त आयोजना (P1) कार्यक्रममा समावेश गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : पत्राचार गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६ :** भेरीगंगा नगरपालका वडा नं. १२ को मसिना खानेपानी योजना र वडा नं. ७ को स्वास्थ्य चौकी भवन निर्माण कार्य तत्काल सुचारु गर्न सम्बन्धित निर्माण व्यवसायीलाई पुनः पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : प्रतिबद्धता सम्बन्धमा ।**

**निर्णय नं. ७ :** भेरीगंगा नगरपालिका वडा नं. ४ सुठाबारी र वडा नं. १२ को पटारेमा झोलुंगे पुल निर्माण गर्न नगरपालिकाले प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : ट्रान्समिटरको लागि रकम सम्बन्धमा ।**

**निर्णय नं. ८ :** भेरीगंगा नगरपालिका वडा नं. ११ मा ट्रान्समिटर खरिदको लागि रु. ३,००,०००।- पुँजीगत भैपरी शीर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : रकम व्यवस्था गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ९ :** भेरीगंगा नगरपालिका अन्तर्गत आ.व.२०७७।०७८ मा निर्माण भएका स्वास्थ्य चौकी भवनहरुमा कार्यालय संचालन गर्न पानी, बिजुली, शिलालेख र उद्घाट्न गर्नका लागि ..... शीर्षकवाट रु. उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. १० : वडा नं ३ को जस्ता पाता सम्बन्धमा ।**

**निर्णय नं. १० :** भेरीगंगा नगरपालिका वडा नं. ३ को जस्ता पाता खरिद सम्बन्धमा आ.व. २०७७।०७८ मा ३ पटक सम्म सूचना प्रकाशन गर्दा बोलपत्र पर्न नआएको र चालु आ.व. २०७८।०७९ मा एकपटक सूचना प्रकाशन गर्दा बोलपत्र नपरेको हुनाले साविकको जस्ता पाताको सट्टा ३५ mm सम्मको जस्ता पाताको लागि बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : योजना संशोधन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ११ :** भेरीगंगा नगरपालिका वडा नं. ४ को हात्तीसुडे सडक ग्रेड कटिंग नाला निर्माणको योजनाको सट्टामा हात्तीसुँडे सडक विस्तार र नाला निर्माण योजनाको रुपमा परिवर्तन गर्ने र आगामी नगरसभाबाट अनुमोदन हुने गरी पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : विगतका आ.व.को भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. १२ :** यस भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा आवश्यक पर्ने विभिन्न सामानहरु विगतका आ.व.मा २०७५।०७६ देखि को यस कार्यालयबाट रकम भुक्तानी नभएको भनी ढकाल छापाखाना छिन्चु सुर्खेतबाट अर्डर स्लिपसहित भुक्तानी माग भई आएको सम्बन्धमा लामो समयदेखि उक्त सामानहरुको भुक्तानी हुन नसकेको सम्बन्धमा संलग्न स्लिपहरु अध्ययन गरी प्रतिवेदन पेश गर्न निम्नानुसारको कर्मचारीलाई जिम्मा दिने निर्णय गरियो ।

**<u>तपसिल :</u>**

१) लेखा अधिकृत श्री मान बहादुर ठाडा

२) शा.अ. श्री सिता कुमारी खत्री गिरी

३) स.पाचौं श्री नविन कुमार के.सी

४) स.चौथौं श्री एकराज खत्री

Scanned with CamScanner